म.जि.प्र.का दर्ता नं: १०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

समृद्धि प्रकाशन प्रा. लि. हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं. ३०/०६९/०७०

वर्षः१४ अङ्कः २९८ २०८० असोज ७ गते आइतबार 24 September 2023, Sunday - पृष्ठ ४ मूल्य रु. ५/-

गुणस्तरीय अनि विश्वसनीय प्रयोगशाला

QRL (Qualified Reference Lab)

हामीकहाँ थाइराइड, बायप्सी, रुटिन टेस्ट, भिटामिन जाँच, क्यान्सर मार्करलगायत प्रयोगशाला सेवा रहेका छन् । हरेक महिनाको अन्तिम शनिबार थाइराइड परीक्षणमा ५० प्रतिशत छुट, फास्टिङ तथा पीपीमा सुगर टेस्ट फ्रि ।



सम्पर्क ०५७-५९०९७७

QRL (Qualified Reference Lab)

हेटौंडा-१, ब्लडबैंकअगाडि

# १९ औं एसियाली खेलकुदको उद्घाटन



काठमाडौंः चीनको हाङ्झाउमा १९ औं एसियाली खेलको भव्य उद्घाटन भएको छ । शनिबार हाङ्झाउ ओलम्पिक रंगशालामा भएको समारोह चीनका राष्ट्रपति सी चिन फिनले उद्घाटन गरेका हुन् । समारोहमा नेपालका प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' पनि उपस्थित थिए ।

दुई घण्टासम्म चलेको उद्घाटन समारोहको मार्चपासमा नेपालको झण्डा तेक्वान्दो खेलाडी वीरबहादुर महरा र उसु खेलाडी निमा घर्ती मगरले बोकेका थिए । उद्घाटन समारोह भव्य बनाउने क्रममा चीनले लाइटिङमार्फत् उत्कृष्ट कौशल देखायो ।

४५ देशका खेलाडीहरुको मार्चपासका लागि ४० मिनेट समय लागेको थियो । त्यसपछि कार्यक्रमको औपचारिक समारोह सुरु भयो । औपचारिक उद्घाटनपछि भएको सांस्कृतिक प्रस्तुति करिब ४५ मिनेटसम्म चल्यो । जहाँ चीनको सांस्कृतिक सम्पदा, पूर्वी सौन्दर्य र आधुनिक प्रविधिको शक्तिलाई लाइटिङको अनुपम संयोजनमार्फत् देखाइयो ।

क्विनताङ नदीको किनारमा रहेको 'बिग लोटस' लाई सेटमा उतारिएको थियो । समारोहमा सयौं कलाकारले आफ्नो प्रस्तुति दिँदा रंगशालामा उपस्थित हजारौं दर्शको भीड मन्त्रमुग्ध भएको थियो । नांगो आँखाका लागि थ्रिडी स्टेज प्रयोग गरिँदा रंगशालाको स्टेज भव्य देखिन्थ्यो । जहाँ नदी र पुलसमेत लाइटिङमार्फत् देखाइएको थियो ।

चीनको राष्ट्रिय झण्डा फहराउनुअघि एक गायकले 'म तिमीलाई माया गर्छु, चाइना' बोलको गीत गाएका थिए । पहेँलो र सेतो पहिरनमा सजिएका नर्तकहरूले ड्रम बजाएर खेलकुदलाई दृश्यमा स्वागत गरेका थिए ।

एसियाली खेलकुदका लागि पहिलो पटक एसियाली खेलकुदको टर्च डिजिटल र रियल टाइम दुवैमा प्रज्वलित गरिएको थियो । एसियाली देशहरुको खेलकुदको कुम्भमेला एसियाली खेलकुदमा ४० खेलमा ४५ देशका खेलाडीले भाग लिँदैछन् । यसपटकको एसियाली खेलकुदमा १२ हजार बढी खेलाडी सहभागी हुनेछन् । पेरिसमा हुने ओलम्पिक-२०२४, टोकियोमा भएको ओलम्पिक-२०२० मा पनि यति खेलाडीले प्रतिस्पर्धा गरेका थिएनन् ।

ओलम्पिकपछिको सबैभन्दा ठूलो खेलकुद प्रतियोगिता मानिने एसियाली खेलकुदमा नेपालले यसपटक २९ खेलमा प्रतिस्पर्धा गर्दैछ । २९ खेलमा नेपालका २५३ खेलाडीले भाग लिँदैछन् । एसियाली खेलकुदमा अहिलेसम्म स्वर्ण पदक जित्न नसकेको नेपालले पछिल्ला तीन संस्करणमा एक-एक पदकमात्र जित्न सकेको छ ।

नेपालले यसपटक व्यक्तिगत विधाका खेलमा पदकको आशा गरेको छ । जसमा तेक्वान्दो, उसु, कराते, बक्सिङसहित नयाँ खेलहरू इस्पोर्ट्स, डान्स स्पोर्ट्स र क्यानोइङमा पदकको आशा गरेको छ । पछिल्ला तीन एसियाली खेलकुदमा नेपालले एक-एक पदकमात्र जित्न सकेको छ । सन् २०१० को ग्वानझाउ एसियाड र २०१४ को इन्चोन एसियालीमा नेपालले कास्य पदकमात्र जित्न सकेको थियो । यस्तै नेपालले सन् २०१८ को इन्डोनेसियाको जाकार्तामा भएको एसियाली खेलकुदमा प्यारालाइडिङबाट रजत जितेको थियो । यसपटक प्यारालाइडिङ समावेश छैन । *(स्रोतः सेतोपाटी)*

# अवैध रक्सीसहित २ जना भारतीय पक्राउ

**समाज संवाददाता**

हेटौंडाः पूर्व-पश्चिम राजमार्गअन्तरगत् हेटौंडा-१५, रातोमाटे चेकपोष्टबाट मकवानपुर प्रहरीले अवैध रक्सीसहित २ जनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा भारत बस्ने २६ वर्षीय राजेश कसयब र २५ वर्षीय राहुल कुमार रहेको प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ ।

शुक्रबार राति ११ बजेर ३५ मिनेटको समयमा प्रहरीले नवलपरासीको बोर्डर हुँदै नेपाल आई बारातर्फ जाँदै गरेको डीएल २ सी ए के १३९० नम्बरको भारतीय कारको सुरक्षा जाँच गर्दा कारको पछाडिको डिक्कीमा फल्स बटम बनाई लुकाइछिपाई ल्याएको अवस्थामा अवैध रक्सी फेला पारी बरामद गरेको थियो । कारवाट प्रहरीले रोयल ग्रिन नामक रक्सी ३ सय ७५ एमएलको ३ सय ९० बोतल र १ सय ८० एमएलको ५६ बोतल फेला पारेको थियो । अवैध रक्सीसहित २ जनालाई नियन्त्रणमा लिई अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# युवक मृत फेला

**समाज संवाददाता**

हेटौंडाः काभ्रेपलाञ्चोकको बनेपा नगरपालिका-८, स्वास्थचौकी भवन नजिकै एक जना पुरुष मृत फेला परेका छन् । मृत फेला पर्नेमा बनेपा नगरपालिका-५, ओपीका अन्दाजी २५ वर्षीय आशीषबहादुर सार्की रहेको प्रहरीले जनाएको छ ।

शुक्रबार दिउँसो ४ बजेको समयमा मागेर हिँड्ने बेवारिसे सार्की ठेला गाडामा सुतिरहेको अवस्थामा मृत फेला परेका थिए । मुचुल्कापश्चात् शव पोष्टमार्टमका लागि धुलिखेल अस्पताल लगिएको प्रहरीले जानकारी दिएको छ ।

# बर्तौलाको पहलमा दशकौंपछि बल्यो बत्ती

**समाज संवाददाता**

हेटौंडाः प्रतिनिधिसभा सदस्य महेशकुमार बर्तौलाको पहलमा मकवानपुर जिल्लाको उत्तरी क्षेत्रमा ३० वर्षपछि बत्ती बलेको छ । कुलेखानी जलाधार क्षेत्रमा पर्ने थाहा नगरपालिका वडा नम्बर ३ स्थित प्यान्टे डाँडा, विष्णु ढुंगा, भाक्री खोरिया तथा कर्मी खोरियाका जनताले हालसम्म बिजुली बत्ती बाल्न पाएका थिएनन् ।

पटकपटक पहल कदमी गर्दा पनि कहीं कतैबाट विद्युत् विस्तार कार्य हुन नसकेको उक्त स्थानमा बर्तौलाको पहल तथा स्थानीय सरोकारवालाहरूको जनश्रमदानबाट बत्ती बल्न सफल भएको हो । 'जनतासँग गुनासो' एक अभियानको नेतृत्व गर्दै थाहा नगर आइपुगेका सांसद बर्तौलासँग स्थानीय पीडितहरूले दुई साता पहिले आफ्नो व्यथा पोखेका थिए । उक्त समयमा आफू सो काममा लाग्ने र सकेको पहल गर्ने जनाएका बर्तौलाको प्रत्यक्ष निगरानीमा उक्त काम सम्पन्न भएको हो ।

नगरपालिको कार्यालय रहेकै वडाभित्र पनि टुकीको सहारामा बस्नुपर्ने बाध्यताको अन्त्य भएकोमा स्थानीय जनताले खुशी मनाए । गतवर्ष नेपाल विद्युत् प्राधिकरण पालुङ शाखाले लाइन विस्तार गर्ने भनेर योजना सार्वजनिक गरे तापनि हालसम्म उक्त काम अघि नबढेपछि नेकपा एमालेका सचेतक तथा प्रतिनिधिसभाका सदस्य बर्तौला र स्थानीय जनताको संयुक्त पहलमा उक्त काम सम्पन्न भएको छ ।

# सवारी दुर्घटनामा तीन जनाको मृत्यु

काठमाडौंः देशका विभिन्न स्थानमा भएका सवारी दुर्घटनामा परेर तीन जनाको मृत्यु भएको छ ।

धनुषाको मिथिला बिहारी नगरपालिका-९, अनुपट्टीमा अनुपट्टीबाट जनकपुरतर्फ जाँदै गरेको ज.१ क ३०० नम्बरको गोदावरी इङ्लिस बोर्डिङ स्कूलको बसबाट लडेर बसका सह-चालक जनकपुर उपमहानगरपालिका-१४ बस्ने १७ वर्षीय अमितकुमार यादवको शुक्रबार दिउँसो मृत्यु भएको छ ।

बसबाट लडेर गम्भीर घाइते भएका उनको प्रादेशिक अस्पताल जनकपुरमा उपचारको क्रममा मृत्यु भएको हो । दुर्घटनापछि फरार भएका बस चालकको प्रहरीले खोजी गरिरहेको छ ।

लमजुङको बेशीशहर नगरपालिका-३, धुवाँखोलामा गाउँशहरबाट बेशीशहर तर्फ जाँदै गरेको ग.१ ज ७०१ नम्बरको जिपको ठ्क्करबाट लडेर बेशीशहर नगरपालिका-३, गाउँशहर बस्ने चित्रबहादुर बिकको छोरा ६ वर्षीय उज्वल बिकको शुक्रबार दिउँसो मृत्यु भएको छ । लडेर गम्भीर घाइते भएका उनको लमजुङ अस्पतालमा उपचारको क्रममा मृत्यु भएको हो । जिप चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

नवलपरासी पश्चिमको सुस्ता गाउँपालिका-३, फेनहरामा युपी ५६ जे ८८४५ नम्बरको मोटरसाइकलको ठक्कर बाट साइकलयात्री सोही ठाउँ बस्ने ६३ वर्षीय पारम यादवको शुक्रबार राति मृत्यु भएको छ । गम्भीर घाइते भएका उनको सहिदस्मृति सामुदायिक अस्पताल चौपत्तामा उपचारको क्रममा मृत्यु भएको हो । मोटरसाइकल चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ । *(स्रोतः रातोपाटी)*

# प्रधानमन्त्री प्रचण्ड र चिनियाँ राष्ट्रपति सीबीच भेटवार्ता



काठमाडौंः चीन भ्रमणमा रहेका प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड र चीनका राष्ट्रपति सी जिनपिङबीच शनिबार भेटवार्ता भएको छ । शनिबार नै अमेरिकाको न्यूयोर्कबाट चीन पुगेका प्रचण्डले एसियाली खेलकुद आयोजना भएको शहर हाङजाउमा चिनियाँ राष्ट्रपति सीसँग भेटवार्ता गरेका हुन् ।

प्रधानमन्त्री प्रचण्ड र चिनियाँ राष्ट्रपति सीबीच वान टु वान र प्रतिनिधि मण्डलसँग सामूहिकरुपमा समेत गरी एक घण्टा लामो कुराकानी भएको थियो । वार्तामा दुवै नेताबीच यस क्षेत्रको क्षेत्रीय स्थिरता, शान्ति र समृद्धिका लागि सबै क्षेत्रीय शक्तिबीच साझा सहकार्य जरुरी रहेको कुरामा सहमति रहयो । उनीहरुबीच एक अर्काको चासो र संवेदनशीलता बुझ्ने र आपसी सहकार्य अझ सघन बनाउने सहमति भएको छ । भेटका क्रममा राष्ट्रपति सीले नेपालको आर्थिक, सामाजिक विकासमा खुल्ला दिलले सहकार्य र सहयोग गर्न चीन तयार रहेको सन्देश दिएका प्रधानमन्त्रीको सचिवालयले जनाएको छ । राष्ट्रपति सीले शान्तिपूर्ण सहअस्तित्वको पाँच सिद्धान्तका आधारमा नेपाल र चीनले आपसी सम्मान, समर्थन र समान अस्तित्वका साथ ठूलो र सानो देशको कुनै भेदभावविना समान सहअस्तित्वका साथ अत्यन्तै नजिकको सम्बन्ध अघि बढाएको स्मरण गर्दै आगामी दिनमा दुई देशबीचको सम्बन्ध थप उचाइमा पुग्ने बताएका थिए ।

प्रधानमन्त्री प्रचण्डले चीन र नेपालबीच विगत लामो समयदेखिको ऐतिहासिक सम्बन्धको चर्चा गर्दै अहिलेको परिस्थितिमा सीले अघि सारेका नवीनतम् अवधारणा यस क्षेत्रको शान्ति र प्रगतिका लागि महत्वपूर्ण रहेको बताएका थिए । उनले नेपालले एक चीन नीतिप्रतिको प्रतिवद्धता व्यवहारबाटै पुष्टि गरेको बताउँदै नेपालले स्वतन्त्र र असंलग्न परराष्ट्र नीति अंगीकार गरेको र यो वा त्यो नामका कुनै पनि सैन्य रणनीतिक योजनामा सामेल हुन नसक्ने धारणा राखेका परराष्ट्र मन्त्रालय स्रोतले जनाएको छ ।

प्रधानमन्त्री प्रचण्डले चीनले अघि सारेको बेल्ट एण्ड रोड अवधारणाले नेपालको पूर्वाधार विकासमा महत्वपूर्ण परिवर्तन ल्याउन सक्ने भएकाले यसअघि नै नेपालले उक्त अवधारणामा सहमति जनाइसकेको स्मरण गरेका थिए । राष्ट्रपति सीले प्रधानमन्त्री प्रचण्डसँगका यसअघिका भेटहरुको चर्चा गर्दै आफू राष्ट्रपति हुनासाथ दक्षिण एशियाबाट पहिलो नेताका रुपमा चीनमा स्वागत गरेको स्मरण गरे । उनले यस किसिमका छलफलले दुई देशबीचका सम्बन्ध र विश्वासलाई अझ सुदृढ गर्ने बताएका थिए । एक हप्ता चीनमा रहने प्रचण्ड हाङजाउबाट बेइजिङ जाने र त्यहाँ प्रधानमन्त्रीसँग भेटवार्ता गर्ने कार्यक्रम पनि छ । त्यस्तै उनले नेपालसँगको सीमा क्षेत्र तिब्बत पनि भ्रमण गर्नेछन् । *(स्रोतः अनलाइनखबर)*

# विदेशबाट काठ ल्याउन रोक्नुपर्छः मुख्यमन्त्री जम्कट्टेल

नारायणगढः बागमती प्रदेश सरकारका मुख्यमन्त्री शालिकराम जम्कट्टेलले विदेशबाट काठ ल्याउन रोक्नुपर्ने बताएका छन् । नवजागृति सामुदायिक वन उपभोक्ता समूह भरतपुर चितवनको रजत महोत्सव समापन समारोहलाई शनिबार सम्बोधन गर्दै उनले यहाँ भएका काठ सुकेर जाने गरेको र अबौँका काठ विदेशबाट ल्याइएको बताए ।

उनले भने, 'यहाँ हामी काठ काट्न नदिने अनि विदेशबाट काठ ल्याउने ? नेपालीलाई चाहिने काठ नेपालमै छ । विदेशबाट काठ ल्याउन हामीले रोक्नुपर्छ ।' उनले बागमती प्रदेश सरकारले ऐनमा संशोधन गरेर उपभोक्तालाई आवश्यक काठ दिने नीति बनाउन लागेको बताए । उनले थपे, 'हामी जथाभावी काठ काट्न दिँदैनौं तर काठ दिन रोक्न पाइँदैन ।'

उनले वन जङ्गल जोगाउनु सबैको कर्तव्य भएको भन्दै वनबाट फाइदा पनि लिनुपर्ने बताए । हाम्रोजस्तो विविधताले भरिएको मुलुक अन्त कतै नभएको भन्दै मुख्यमन्त्री जम्कट्टेलले प्रदेश सरकारले वनबाट झरेको पातबाट प्राङ्गारिक मल बनाउन लागेको जानकारी दिए ।

सरकारको नीति तथा कार्यक्रम र



बजेटमा राखेर प्रत्येक निर्वाचन क्षेत्रमा एउटा प्राङ्गारिक मल कारखाना स्थापना गर्नेतर्फ सरकार लागेको उनको भनाइ थियो । सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपाललाई समृद्ध नेपाल बनाउने जिम्मेवारीका साथ सबैले आआफ्नो स्थानबाट सहयोग गर्नुपर्ने भन्दै उनले नयाँ तरिकाले कृषि कर्म गर्नुपर्ने बताए । उनले भने, 'किसानका नाममा धेरै प्रतिशत अनुदान दुरुपयोग भएको छ । अब व्यक्तिलाई अनुदान नदिई समुदायमा आधारित कृषि उत्पादनको मोडेलमा बागमती प्रदेश सरकार जान लागेको छ ।'

फरक प्रसङ्गमा मन्त्री जम्कट्टेलले नर्सिङ पढ्नका लागि बागमती प्रदेश सरकारले क्षमता भएका कलेजमा पढ्नका लागि खुला गर्न लागेको बताए । उनले भने, 'अब नर्स पढ्न बागमती प्रदेशमा बन्देज हुँदैन ।' उनले अन्तर्राष्ट्रियस्तरमा नेपाली नर्स तथा चिकित्सकको माग बढिरहेको अवस्थामा यहाँ पढ्ने नपाउने गरी रोक्न नहुने बताए । कतिमा पढाउने भन्ने कुराको पनि सूचना आइसकेको उनले जानकारी गराए ।

कार्यक्रममा बागमती प्रदेशका स्वास्थ्यमन्त्री उत्तम जोशीले प्रदेश सरकारले विभिन्न क्षेत्रमा उल्लेख्य काम गरेको बताए । उनले स्वास्थ्यको क्षेत्रमा आम सेवाग्राहीको स-साना गुनासासमेत सम्बोधन गरेको जानकारी गराए । उनले भने, 'हामीले धेरै कामको थालनी गरेका छौं, कतिपय कामको सकारात्मक प्रतिफल पनि आइसकेको छ ।'

कार्यक्रममा वन क्षेत्रसँग सम्बन्धित विभिन्न व्यक्तिको सहभागिता रहेको थियो । 'हाम्रो लगानी हरेक बोट, जनजनमा सामुदायिक वन संरक्षणको २५ औं वर्षको रजत महोत्सव' भन्ने मूल नारका साथ नवजागृति सामुदायिक वन उपभोक्ता समूहले विभिन्न कार्यक्रम गरी रजत महोत्सव समापन गरेको हो ।

*(स्रोतः रासस)*

# सम्पादकीय

## प्राविधिक शिक्षाको आवश्यकता

पछिल्लो समय प्राविधिक शिक्षाको चर्चा धेरै हुने गरेको छ । विज्ञानका साथै प्रविधिबाट उत्पादन र उत्पादकत्व वृद्धि गरेर मानवीय भौतिक सुविधा अभिवृद्धि गर्ने एवम् भौतिक तथा सामाजिक आवश्यकताहरु परिपूर्ति गर्ने शिक्षालाई प्राविधिक शिक्षा भनिन्छ । वास्तवमा सीपमूलक, व्यावसायिक र व्यवहारिक शिक्षा नै प्राविधिक शिक्षा हो । प्राविधिक शिक्षा र उत्पादनमुखी शिक्षा नभएकै कारण हाम्रो देश विकासमा पछाडि परेको भन्ने गरिएको छ । प्राविधिक ज्ञान भएकाहरु कोही पनि बेरोजगार बन्न पर्दैन । आफ्नो व्यवसाय गर्ने र आफ्नै कमाइ गरेर खाने संस्कृतिको विकास नहुनुमा हामीले अहिलेसम्म दिइँदै/पाउँदै आएको अनुत्पादक औपचारिक शिक्षालाई मान्ने गरिएको छ । यसकारण सरकारले पनि पछिल्लो समय प्राविधिक शिक्षाको विकासमा जोड दिएको छ । विद्यालय तहमै प्राविधिक धारतर्फका विभिन्न विषयहरु अध्यापन भइरहको छ । विद्यार्थीहरु पनि प्राविधिक तथा व्यावसायिक शिक्षा आर्जन गर्न उत्साहित देखिएका छन् । गाउँ-गाउँमा प्राविधिक शिक्षालय खुल्ने क्रम बढिरहेको छ । प्राविधिक शिक्षाको आवश्यकतालाई जति महत्व दिइएको छ, भएका प्राविधिक शिक्षा र शिक्षालयहरुको गुणस्तरीयता र प्रभावकारितामा पर्याप्त ध्यान पुग्न भने सकेको देखिँदैन ।

सरकारले प्राविधिक शिक्षाको विकासका लागि प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्को स्थापना गरेको छ । सीप विकास तालिम केन्द्र नामको सरकारी कार्यालय पनि प्राविधिक शिक्षा र तालिमको लागि क्रियाशील छ । विभिन्न विश्वविद्यालयले स्वास्थ्य, इन्जिनियरिङ, वन, कृषि, पशु, कम्प्युटर विज्ञानसँग सम्बन्धित थुप्रै विषयका स्नातक र स्नातकोत्तरका विषयहरु अध्यापन गराइरहेको छ । विद्यालय शिक्षामा पनि प्राविधिक धारतर्फको कक्षा ९-१२ मा विभिन्न विषय अध्ययनको व्यवस्था गरिएको छ । संघ, प्रदेश र स्थानीय सरकारले पनि धेरै प्रकारका व्यावसायिक तालिम सञ्चालन गर्दै आएका छन् । विभिन्न प्रकारकार गैरसरकारी संस्थाहरुले पनि व्यासायिक तालिम सञ्चालन गरिरहेका छन् । प्राविधिक शिक्षा तथा तालिमका लागि यति धेरै निकाय क्रियाशील बनिरहँदा देशको आवश्यकताअनुकूलको प्राविधिक ज्ञान, सीप र क्षमता भएका जनशक्ति भने अझै अभाव भइरहको छ । संघीयता कार्यान्वयनसँगै कक्षा १२ सम्मको विद्यालय शिक्षाको अधिकार स्थानीय तहलाई दिइएको छ । स्थानीय तहले आफ्नो क्षेत्रको आवश्यकताबमोजिम शिक्षाको व्यवस्थापन गर्दै प्राविधिक शिक्षामा जोड दिनुपर्ने भए पनि त्यसो हुन सकेको छैन । सामुदायिक विद्यालयको शैक्षिक सुधार तथा प्राविधिक र व्यावसायिक शिक्षाको विकास र विस्तारमा अधिकांश स्थानीय तहले प्रभावकारी ठोस कार्यक्रम ल्याउन सकेको छैन ।

मुलुकमा प्राविधिक शिक्षाको गुणस्तरीयतामाथि पनि प्रश्न उठ्ने गरेको छ । मकवानपुरको बकैया गाउँपालिकास्थित महेन्द्र माध्यमिक विद्यालयमा प्राविधिक धारतर्फ अध्ययनरत विद्यार्थीको कक्षा १२ को परीक्षाको नतिजा शून्य आउनुले पनि यसलाई पुष्टि गर्दछ । उक्त विद्यालयबाट २०८० सालको १२ कक्षाको परीक्षामा सहभागी २३ जना विद्यार्थी अनुत्तीर्ण भएका छन् । अघिल्लो वर्षको परीक्षामा पनि ३० जना सहभागी भएकामा १ जनामात्र विद्यार्थी उत्तीर्ण भएका थिए । विद्यालयले इलेक्ट्रिकल इन्जिनियरिङ विषय अध्यापन गराउँदै आएको छ । सरकारले हरेक स्थानीय तहमा कम्तिमा एउटा प्राविधिक धारतर्फको विद्यालय सञ्चालन गर्ने नीतिअनुसार ग्रामीण क्षेत्रका विद्यालयमा पनि प्राविधिक विषयको पठनपाठन भइरहको छ । तर, प्राविधिक विषय अध्यापन गर्ने दक्ष जनशक्तिको व्यवस्थापन र प्राविधिक विषयको पाठ्यक्रम विद्यार्थीको क्षमताअनकूल नबनाउँदा समस्या भइरहको देखिन्छ ।

प्राविधिक विषय भनेको सीपमा आधारित हुन्छ । तर, सरकारले विश्वविद्यालय तहमा अध्ययन गर्नुपर्ने कुरालाई विद्यालय तहकै पाठ्यक्रममा समावेश गर्दा विद्यार्थीलाई कठिन भइरहेको छ । प्राविधिक विषयलाई प्रयोगात्मक र सीपमूलक सीपसँग जोड्न नसक्दासम्म प्राविधिक विद्यालयहरुको नतिजामा उल्लेख्य सुधार हुन सक्दैन । यसका लागि तीनै तहको सरकारले गम्भीर भएर समीक्षा गर्नुपर्छ । विशेषगरी स्थानीय सरकारले आफ्नो भौगोलिक अवस्था, पालिकाको आवश्यकता र सम्भावनालाई मध्यनजर गरेर उपयुक्त विषय र अवधिको प्राविधिक शिक्षाको व्यवस्थापनमा जोड दिनु आवश्यक देखिन्छ ।

# आमाको नामबाट नागरिकता



सदिक्षा नेपाल

कानून विषय लिई अध्ययन गरेको ११ वर्ष र न्यायिक पेशामा संलग्न भएको करिब ५ वर्ष पूरा भइसकेछ । घर परिवार, छरछिमेकमा समेत आफूलाई कानूनका विषय जानेबुझेको व्यक्ति नै ठानेको अनुभूत हुन्छ। यद्यपि आफू त्यस्तो पारङ्गत कहाँ नै भइसकेकी छु र ! तथापि कानूनी अड्चन विषय कोही कसैले सोधिहालेमा आफूले जाने बुझेसम्मको कुरा अर्थ्याइ उहाँहरूको प्रारम्भिक समस्यालाई धेरथोर भरथेक हुने सम्मको उपाय भने बताइदिने गरेकी छु ।

यस अतिरिक्त उजुर-बाजुर नै गर्न परे नि सो विषय कानूनी प्रक्रियाबारे अवगत गराई सहयोग गर्ने गरेकी छु । यस्तो मेरो निःस्वार्थ सहयोगलाई महिमा गर्दै खुसीका पुष्पगुच्छाले यदाकदा स्वागत गरिँदा र धन्यवाद पाउँदा मन गदगद् हुनु स्वाभाविकै हुन्छ ।

यही क्रममा विगत केही वर्षअघि म अदालतमा काम गर्छु भन्ने थाहा पाई एक जना आमा मकहाँ आउनु भयो ।

उहाँले आफू साथमा एउटा प्लास्टिकको झोला ल्याउनुभएको थियो । आमाले त्यो झोला मलाई दिनुभयो र भन्नुभयो, 'नानी यहाँ सबै कागजपत्र छन् ।'

मैले पनि सोधिहालें- के समस्या पऱ्यो आमा ?

आमाले लामो सास फेर्नुभयो । कुरा के रहेछ भने आमाको परिवारको नाममा एक मात्र छोरी बाँकी रहिछन् । पति छोरी सानै छँदा छोडी गएकाले छोरीलाई अनेक कष्ट खेपी हुर्काइ-बढाइ गर्नु भएको रहेछ ।

सडकमा मकै पोल्दै आफू र छोरीको जीवन गुजारा गरेको उहाँले बताउनुभयो ।

छोरीले पनि आमाको दुःखमा साथ दिइन् र आमाको आशाको दीप बनी पढाइमा अब्बलै रहिछन् । छोरीले बाहिर जाने रहर गरेकीले पासपोर्ट बनाउन प्रथमतः नागरिकताको आवश्यकता पर्ने हुँदा सो नागरिकाता प्राप्तिका लागि आफ्नो नागरिकाता र चाहिने अन्य कागजातसाथ छोरीलाई लिई सम्बन्धित निकायमा जानुभएकी तर सम्बन्धित निकायले आमाको नामबाट नागरिकता उपलब्ध हुन नसक्ने जानकारी गराउँदा आमाले पुनःअनेकन बिन्ती भाउ, अनुनयविनय गर्दा पनि उहाँको कुरा सुनुवाइ नभएको बताउनुभयो ।

यो विषय मेरा लागि भने नौलो थिएन । यस्तो विषयमा परामर्श लिन मकहाँ धेरै जना यसअघि पनि आइसक्नु भएको थियो ।

प्रश्न एउटै थियो-आमाको नामबाट नागरिकता पाउने वा नपाउने ।

नेपालको संविधानको धारा ११ मा, 'कुनै व्यक्तिको जन्म हुँदाका बखत निजको बाबु 'वा' आमा नेपालको नागरिक रहेछन् भने त्यस्तो व्यक्ति वंशजको आधारमा नेपालको नागिरक ठहर्ने' भन्ने संवैधानिक व्यवस्था देखिन्छ। उक्त प्रावधानमा प्रयोग गरिएको 'वा' शब्दले आमा वा बुवामध्ये कुनै एक जनाको नामबाट आफ्नो सन्तानलाई वंशजको आधारमा नेपाली नागरिकता प्रदान गर्न सक्ने भन्ने नै हो । यद्यपि नागरिकतासम्बन्धी ऐन एवम् प्रशासनिक र व्यवहारिक चुनौतीहरु भने यसमा धेरै देख्न सकिन्छ ।

नागरिकता प्राप्तिका लागि बाबुको नागरकिता पेश गर्ने विषयलाई अनिवार्य सरह मानिएको अवस्था छ । यस्ता शर्तहरुका कारण, आफ्ना जिम्मेवारी वहन नगर्ने बाबु र सो बाबुबाट तिरस्कृत भएका, आमाले एक्लै पालनपोषण गर्दै आएका बालबालिका र जबरजस्ती करणी, यौन दुर्व्यवहार र जबरजस्ती वेश्यावृत्तिमा फसेका महिलाबाट जन्म लिएका बालबालिकाले नागरिकता पाउने विषय निकै संवेदनशील बन्दै गएको आभास हुन्छ ।

अदालतले नागरिकता पाउने विषयमा पटक/पटक विभिन्न मुद्दामा गरेको व्याख्यामा बाबु वा आमामध्ये दुवैलाई वंशज मानी बाबु वा आमामध्ये कुनै एकको नामबाट नागरिकताको प्रमाणपत्र लिने सकिने भनी व्याख्या गरेको भएता पनि व्यवहारमा अझै पनि नेपाली नागरिकता आमाका नामबाट पाउने विषय भने सजिलो छैन, देखिँदैन ।

आफ्नो बच्चालाई ९ महिना कोखमा राख्ने, जन्माउने हुर्काउनेदेखि लिएर सम्पूर्ण रूपमा जिम्मेवारी वहन गर्ने आमालाई मूल कानूनमा व्यवस्था भएता पनि आमाको नामबाट नागरिकता प्रदान गर्ने हकबाट अझै पनि बञ्चित गरिँदै आएको यथार्थ सबैमा उदांग छ ।

अनेक दुःख, कष्ट खेपी जन्म दिने आमालाई यस्तो अधिकारबाट बञ्चित गरेको देख्दा मलाई असह्य हुन्छ । झन् आमा भइसकेका र यस्तै समस्या खेप्दै आएका अन्य आमाको हालत कस्तो होला ?

यस परिवेशमा प्रकृतिले बच्चा जन्माउन सक्ने शक्ति आमालाई दिएता पनि बच्चाको वैयक्तिक पहिचानसम्बन्धी अधिकार भने बाबुमा सुम्पिएको पाइयो । यो दृष्टान्त त एउटा उदाहरण मात्र हो, महिलाविरुद्ध हुने भेदभावको ।

यस किसिमका अनेकन कानूनी व्यवस्था छन् जसले महिलालाई प्रत्यक्ष-अप्रत्यक्ष रुपमा भेदभाव गरिरहेको प्रष्टिन्छ। महिला वा नारी आफ्ना आधारभूत भन्दा पनि आधारभूत अधिकारहरूबाट कुण्ठित हुन बाध्य छन् ।

अब कुरा रह्यो मैले ती आमालाई दिने रायबारे ।

मैले आमालाई सोधें- आमा हजुरको नामबाट नागरिकता दिन सम्बन्धित कार्यालयले नमानेकै हो त ? हजुरले एक पटक पुनः आफ्नो समस्या सम्बन्धित ठाउँमा राख्दा हुन्थ्यो कि ?

आमाले पुलुक्क मलाई हेर्नुभयो र भन्नु भयो, 'नानी म त्यो अड्डा धाउन थालेको १ वर्ष बढी भइसक्यो । हामीले सबै उपाय गरिसक्यौं तर केही गर्दा नि पार लागेन । म त हार खाएर नानी भए ठाउँ आएकी ।'

आमाको कुरा सुनेपछि आफू केही क्षण अवाक भएँ । अनि लामो सुस्केरा लिँदै भनें- आमा, अब हजुरले यस बारेमा अदालतमा निवेदन हाल्नु नै पर्ने हुन्छ ।

मैले आफ्ना पूरा कुरा राख्नुअघि नै आमाले एक सासमा भन्नुभयो, 'अदालतबाट हुन्छ त ? अनि कति समय लाग्ने हो ? अदालतबाट भएन भने के गर्ने, हामीसँग त मुद्दा गर्ने पैसा पनि छैन, फेरि वकिल राख्न कति पैसा लाग्ने हो ?, ओहो ! नानी यो त म बुढी आमाबाट के सम्भव होला ? बरु अरु केही उपाय छैन ? नानीले भन्दिँदा पो हुन्थ्यो कि ?'

आमाबाट त्यस्तो प्रतिक्रिया आउनु स्वाभाविक नै थियो । अदालतको सम्पूर्ण काम कारबाही बुझ्न हामी जस्ता कानून पढ्ने र प्रयोग गर्नेलाई त कठिन हुन्छ भने उहाँलाई त्यस्तो लाग्नु जायजै ठानें ।

मैले आमालाई ढाडस दिँदै भने, 'नआत्तिनु आमा हजुरको साथमा म छु । हजुरको समस्यालाई मैले बुझेझैं अदालतले पनि हजुरको कुरा पक्कै बुझ्नेछ । हजुर र हजुरको छोरीले न्याय पाउनु हुनेछ ।'

विश्वास गर्नुहोस् भन्दै मैले तत्काल एक जना कानूनी सहायता प्रदान गर्दै आएकी मेरो एक जना मित्रलाई समपर्क गरे ।

आमाको सम्पूर्ण समस्याबारे अवगत गराएँ । उनले पनि खुसी साथ सहयोगी हात बढाइन् । तत्पश्चात आमाले मलाई आफूसँग भएको सम्पूर्ण कागजात दिँदै आँखाभरी आँशु छछल्काउँदै भन्नुभयो-नानीकै आशामा छु । अब नानीबाटै हाम्रो उद्धार हुनेछ ।

यी वाक्यहरुले मलाई भावुक बन्न बाध्य बनायो । मैले ती आमालाई अंगालो हालें ।

अदालतमा प्रस्तुत गर्ने निवेदन तयार भयो, दर्ता भयो र केही महिनापश्चात फैसला पनि भयो । फैसला न्यायको पक्षमा थियो। न्यायको विजय भयो ।

फैसला भएको केही दिन पश्चात आमा मलाई भेट्न भनी आफूसाथ छोरी समेतलाई ल्याउनु भएको थियो । दुवैले मलाई धन्यवाद दिनुभयो । म पनि निकै उत्साहित र खुसी भएँ ।

वास्तवमा हाम्रो समाजलाई आधुनिकताका हिसाबले झट्ट हेर्दा- सुन्दा जतिसुकै सरल, सुन्दर सहज, खुला, उदार र समान प्रतीत भए पनि जीवन भोगाइमा भने त्यस्तो पाइँदैन ।

आधुनिकतातिर लम्किँदै अघि बढिरहेको हाम्रो समजामा राजनैतिक र सैद्धान्तिक नाराहरु जतिनै सुकिला-मुकिला, चिल्ला-चापला भए नि महिला माथिको विभेद अझै पनि हटेको पाईँदैन । यसलाई विडम्वना नै भन्न पर्ने हुन्छ ।

धन्यवाद ।

*(लेखक सर्वोच्च अदालतकी शाखा अधिकृत हुन् । स्रोतः सेतोपाटी)*

# 'विषादीबारे चेतना छैन, नियमनको संयन्त्र छैन'

तथ्यांकहरूले पुष्टि गर्छन्, नेपालमा हानिकारक विषादीको प्रयोग बढ्दै गएको छ । हाम्रो खेती प्रणाली विगतमा जस्तो छैन । यसमा आएको परिवर्तनले विषादीको प्रयोग बढेको छ । व्यावसायिक खेती बढ्दै जाँदा उन्नत जातको खेती मार्फत उत्पादन बढाउँदा विषादीको प्रयोग अत्यधिक बढ्नु अस्वाभाविक पनि होइन ।

विकसित मुलुकहरु खासगरी दक्षिण एशियाका अन्य देशको तुलनामा नेपालमा वार्षिक विषादी प्रयोगको मात्रा कमै देखिन्छ । तर, विषादी प्रयोगको असुरक्षित विधि र गलत व्यवस्थापनले स्वास्थ्य जोखिम र मानवीय क्षति भने हाम्रो जस्तो मुलुकमा अधिक देखिन्छ । नेपालमा अहिले सरदर प्रतिहेक्टर ३९६ ग्राम प्रतिहेक्टर विषादी प्रयोग हुने गरेको पाइन्छ भने तरकारी बालीमा भने १.६ केजी प्रतिहेक्टर रहेको देखिन्छ । यो तथ्यांकसमेत अद्यावधिक हुन सकेको छैन ।

जीविकोपार्जनका लागि गरिने परम्परागत खेती छोडेर मानिसहरु शहर केन्द्रित हुँदै गएपछि पहाडका जमिन बाँझो हुँदै गएको छ । यता शहर र सुविधा केन्द्रित क्षेत्रमा तरकारी लगायत व्यवसायिक खेती बढिरहेको छ । यसको अर्थ हो, सर्वसाधारणले आफ्नो लागि घरको करेसाबारी र रछ्यानमा घरमै उत्पादित प्राङ्गारिक मल प्रयोग गरेर खेती गर्ने कुरा घट्दै गएको छ । हालैका दिनमा शहरी क्षेत्रमा कौसी खेती विस्तार हुँदै गएको भएता पनि पारिवारिक आवश्यकता पूरा गर्न कठिन छ भने शहरमा बढेको जनसङ्ख्यालाई कृषि उपजको आवश्यकता पूरा गर्न व्यावसायिक खेती बढिरहेकै छ । हालैका वर्षहरुमा समग्र तरकारी उत्पादन देशका लागि आत्मनिर्भर उन्मुख देखिन्छ ।



*महेशचन्द्र आचार्य, वरिष्ठ बाली संरक्षण अधिकृत, प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्र*

उन्नत तथा विशेगा गरी हाइब्रिड जातका बिउहरुको प्रयोग सँगसँगै खेतीका कारण रासायनिक मल र विषादीको प्रयोग बढेको छ भने बजार केन्द्रित व्यवसायका कारण सम्भावित हानि-नोक्सानीबाट जोगिन पनि रासायनिक मल र विषादीको प्रयोग बढेको छ । विषादीको प्रयोग विकसित देशमा पनि हुन्छ तर हाम्रोमा जस्तो जथाभावी र अनियन्त्रित रुपमा प्रयोग हुँदैन । विषादीजन्य दुर्घटना पनि अत्यन्त न्यून हुने गर्दछन् ।

व्यावसायिक खेतीमा विषादीको प्रयोग गर्न पनि पर्छ तर कुन बालीमा कुन विषादी प्रयोग गर्ने, कुन शत्रुजीवको व्यवस्थापनका लागि विषादी प्रयोग गर्ने, कतिमात्रामा प्रयोग गर्ने, विषादी प्रयोगमा सुरक्षा कसरी अपनाउने भन्ने कुरा अत्यन्त महत्वपूर्ण हुन्छ ।

उदाहरणका लागि दक्षिण कोरियामा वार्षिक १५ किलो प्रतिहेक्टर विषादी प्रयोग गरिन्छ। त्यो तुलनामा हामीकहाँ विषादीको प्रयोग दर निकै कम छ । तर विषादीका कारण हुने क्षति र दुर्घटनाहरुको संख्या नेपालमा धेरै छ । यसको अर्थ हामीले विषादीको सही उपयोग गर्न सकिरहेका छैनौं भन्ने नै हो ।

यावत् अवस्थाका बीच समग्र कृषि र कृषि प्रसार क्षेत्र संघीयता पछि थप अव्यवस्थित बन्दा विषादी व्यवस्थापनका संयन्त्र नतिजा दिनेसक्ने अवस्थामा पुगेका छन् । प्राविधिक हिसाबले कृषिका संरचनामा संघीयता व्यवस्थापन नहुँदा कृषि प्रसार, नियमन र योजना तर्जुमामा असन्तुलन पैदा भएको छ ।

विषादीको प्रयोग बढ्यो भन्नुको अर्थ विषादी आयात पनि बढ्नु हो । आधिकारिक रुपमा पैठारी भएको विषादीको परिमाण पनि विगत १० वर्षमा झण्डै तीन गुणाले वृद्धि भएको देखिन्छ । अर्कोतर्फ हामी खुल्ला सिमानामा छौं, जसका १७१

...बाँकी पृष्ठ ३ मा

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | फापरबारी इलाका ६२१९८० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | चित्लाङ इलाका ६२१००० |
| ट्राफिक प्रहरी १०३ | वारुण यन्त्र १०१ |
| वडा प्रहरी ५२०२९९ | बालबालिका खोजतलास केन्द्र १०४ |
| पशुपतिनगर इलाका ५२०५९८ | बाल हेल्पलाइन १०९८ |
| मनहरी इलाका ९८५५०९०१६१ | हेलो सरकार ११११ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल टेलिकम सोधपुछ १९७ |
| पालुङ इलाका ६२०४६७ | |

## तपाईंको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडीकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : धार्मिक तथा दार्शनिक गतिविधिमा आकर्षण बढ्ने समय छ ।
**वृष** : व्यक्तिगत स्वास्थ्यमा समस्याको योग आइपर्न सक्छ ।
**मिथुन** : बुद्धि र कौशलका कारण चुनौतिहरु पार गर्न सकिने छ ।
**कर्कट** : आफूभन्दा ठूलाबाट आर्शिवाद प्राप्त हुने समय छ ।
**सिंह** : अनुभव र सीप प्रति आशावादी बनिने समयको योग छ ।
**कन्या** : घरपरिवार र समाजलाई बिर्सन नहुने समयको योग छ ।
**तुला** : सामाजिक र आर्थिक कारोबारमा सरिक भइने छ ।
**वृश्चिक** : कार्यक्षेत्र र व्यापार व्यवसायमा त्यति लाभ नहुने देखिन्छ ।
**धनु** : भौतिक सामाग्री खरिद गर्ने बाध्यात्मक परिस्थिति खडा होला ।
**मकर** : कार्यक्षेत्रमा देखिएका समस्याहरु समाधान होलान् ।
**कुम्भ** : बौद्धिक क्रियाकलापबाट केही न केही लाभ प्राप्त होला ।
**मीन** : प्रतिष्ठा र पदले प्रतिक्षा गरिरहेको अवस्था देखिन्छ ।

# सयपत्री फूलबाट बाह्रै महिना आम्दानी

झापाः घरका आँगन वरिपरि, बगैँचाभरि तिहारमा मात्र फुलाइने सयपत्री फूलको व्यावसायिक खेतीसँगै बाह्रै महिना फुल्न थालेको छ। यसका कारण सयत्रपी फूलले सौन्दर्यतामात्र नभई आम्दानीसमेत दिने गरेको मेचीनगर नगरपालिका-९ का डीएण्डडी बायोप्लान्टेक नामक कम्पनी सञ्चालक डिल्लीराम उप्रेतीले बताए।

विगत १० वर्षदेखि नर्सरी व्यवसायमा लागेका उप्रेतीले तीन कट्ठा जमिनमा यतिबेला सयपत्री फूल ढकमक्क फुलाएका छन् । उनले मेचीनगर नगरपालिका-९ मा तीन कट्ठा र विर्तामोड नगरपालिका-६ बुट्टाबारीमा १५ कट्ठा जमिनमा सयपत्री फूलको व्यावसायिक खेती गर्दै आएका छन् । तीमध्ये मेचीनगरमा लगाइएको फूल ढकमक्क फुलेर धमाधम बिक्री भइरहेको छ।

उनको बारीमा फुलेको सयपत्री फूल खरिदका लागि विर्तामोड, धुलाबारी र काँकरभिट्टाका संघसंस्था धेरै आउने गरेका छन्। बाह्रै महिना सयपत्री फूलको उपलब्धता हुने भएपछि जिल्लामा हुने अधिकांश सभा समारोहमा त्यही प्रयोग हुन थालेको उनले बताए। उनले अग्रिम फूलका अर्डर गर्ने संघसंस्थाको कार्यक्रम स्थलमै माला पु¥याउने व्यवस्था मिलाइएको जानकारी दिए।

'सयपत्री फूल फुल्न सिजन चाहिँदैन', उनले भने, 'गर्दा बाह्रैमास हुन्छ । व्यावसायिकरुपमा गरिरहेको छु, आम्दानी पनि भइरहेको छ ।' उनले उत्पादन गर्न सके बजारको समस्या नहुने बताए। उनको बारीमा फुलेको सयपत्री फूल प्रतिमाला ५० रुपैयाँका दरले बिक्री हुने गरेको बताउनुभयो। सयपत्री फूलको खेतीबाट थोरै लगानीमा धेरै आम्दानी हुने उनको बुझाइ छ।

जिल्लामा विगतका वर्षमा चाडपर्वलाई मात्रै लक्षित गरेर सयपत्रीको फूल उत्पादन गर्ने गरिएको थियो। चाडपर्वमा फूलको माग बढ्ने भएपछि त्यसैलाई लक्षित गरेर समूह तथा व्यक्तिगतरुपमा फूलको व्यावसायिक खेती हुने गरेको हो। मेचीनगर, विर्तामोड, कनकाई, दमक, गौरादह नगरपालिकालगायतका किसानले पाँच कट्ठादेखि एक विगाह जमिनमा तिहार लाई लक्षित गरेर सयपत्री फूलको खेती लगाएका छन्।

स्थानीय सरकारले किसानलाई प्रोत्साहनस्वरुप सुलभ कर्जा र अनुदानमा लगानी गर्ने हो भने फूलको परनिर्भरतालाई हटाउन सकिने उनको बुझाइ छ।

*(स्रोतः रासस)*

# नेपाल क्रिकेट संघको सचिवमा पारस खड्का निर्वाचित

काठमाडौंः नेपाल क्रिकेट संघको सचिवमा पूर्वखेलाडी पारस खड्का निर्वाचित भएका छन्। शनिबार भएको मतदानमा निवर्तमान कार्यवाहक सचिव प्रशान्तबिक्रम मल्ललाई पराजित गर्दै पारस निर्वाचित भएका हुन्।

कुल ८५ मतदाता रहेकामा पारसले ४८ र प्रशान्तले ३७ मत पाए। पारस क्यानको बागमती प्रदेश क्रिकेट संघको पनि अध्यक्ष हुन्। क्यानका अरु पदाधिकारीहरु अध्यक्षमा चतुरबहादुर चन्द, उपाध्यक्षमा रोशनकुमार सिंह र कोषाध्यक्षमा पदमबहादुर खड्का निर्विरोध निर्वाचित भइसकेका छन्।

सदस्यहरुमा पनि महिला सदस्यमा जयन्तीदेवी भट्ट, कर्णालीबाट प्रतिनिधित्व गर्ने सदस्यमा श्रीधर केसी र लुम्बिनीबाट प्रदीप मजगैया निर्विरोध चयन भएका छन् । अरु पाँच प्रदेशबाट प्रतिनिधित्व गर्ने एक एक जना सदस्य र खुला ५ जना सदस्यका लागि पनि चुनाव भएको थियो । जसमा कोशीबाट अर्जुन पौडेल ४७ मत प्राप्त गर्दै विजयी भए। मधेश प्रदेशबाट माधवकुमार कर्माचार्य र मोहम्मद दाउद अन्सारीको भोट ४२ बराबर हुँदा गोला प्रथाबाट माधवकुमार कर्माचार्य विजयी भए।

गण्डकीबाट सुदीप शर्मा ५२ मतसहित विजयी भए भने बागमतीमा दिवाकर घलेले ४६ मत ल्याएर विजयी भए। सुदूरपश्चिमबाट विक्रम विष्ट ४९ भोट प्राप्त गर्दै विजयी भए। खुला सदस्यमा धीरेन्द्र साउद ५९, दुर्गाराज पाठक ५४, आयुष श्रेष्ठ ५१, वीरेन्द्र चन्द ३४ मत ल्याएर निर्वाचित भए । करण महतरा क्षेत्री र ऋषिराम गौतमले बराबर २६ मत पाएका थिए र गोला प्रथा गर्दा करण चुनिएका छन्। *(स्रोतः अनलाइनखबर)*

# गमगढी बजारमा आगलागी

काठमाडौंः मुगु जिल्लाको सदरमुकाम गमगढी बजारमा आगलागी भएको छ। शुक्रबार राति बजारमा आगलागी भएको जिल्ला प्रहरी कार्यालय मुगुका प्रमुख, प्रहरी नायव उपरीक्षक (डीएसपी) वीरेन्द्र थापाले जानकारी दिए।

राति १ बजे लागेको आगो बिहान साढे चार बजे सुरक्षाकर्मी र स्थानीयबासीले नियन्त्रणमा लिएको उनले बताए । डीएसपी थापाका अनुसार बजारका ६ वटा घर पूर्णरुपमा जलेर नष्ट भएका छन्।

कुनै मानवीय क्षति नभएको तर ठूलो आर्थिक क्षति भएको अनुमान गरिएको डीएसपी थापाले बताए। जलेका घरमा कम्प्युटर पसल, मोवाइल पसल, होटेल, सैलुन, ग्याँस सिलिण्डर पसल थिए । तर, क्षतिको पूर्ण विवरण भने आइनसकेको डीएसपी थापाको भनाइ छ। *(स्रोतः अनलाइनखबर)*

# विषादीबारे चेतना...

नाकामध्ये ४१ वटामा मुख्य भन्सार कार्यालय र १३० छोटी भन्सार कार्यालय छन् । तिनमा प्लान्ट क्वारेन्टाइन कार्यालयको संख्या १५ वटा मात्रै छन्। १५६ वटा नाकामा प्लान्ट क्वारेन्टाइनको निगरानी, चेकजाँच र उपस्थिति नै छैन।

अर्कोतर्फ नेपालबाट कुनै पनि वस्तु निर्यात गर्दा १० भन्दा नाकाहरुबाट मात्र सम्भव छ, अन्यमा छैन । यसको फलस्वरुप विरुवाजन्य सामग्री तथा विषदी आवश्यक कानुनी प्रक्रियाविना पैठारी भइरहेको छ, जसमा सम्बन्धित निकायको निगरानी हुन सकेको छैन। यसले नेपाली कृषकहरुलाई कृषि क्षेत्रबाट पलायन हुन प्रोत्साहन गरेको छ किनकी भारतीय उत्पादनहरुसँग प्रतिस्पर्धी क्षमता हाम्रा कृषकहरुमा छैन।

मूल नाकामा हामी छौं तर खुला बोर्डरको छेउबाट नेपाल र भारतमा प्रतिबन्धित तर भारतमा उत्पादन भएर निर्यात हुनसक्ने विषादीहरू आयातको जोखिम रहन्छ। यसमा बीउ र विषादी दुवै पर्छन्। प्लान्ट क्वारेन्टाइन र विषादी व्यवस्थापनमा राज्यको भूमिका कमजोर भएको छ । राजश्वमा आधारित अर्थतन्त्रमा निर्यात व्यापार प्रोत्साहनको कुराले प्राथमिकता पाउन सकेको छैन र पैठारी व्यापारमा आर्जन हुने राजश्वप्रति राज्य संयन्त्र लालायित छ।

अहिलेकै संरचना र अवस्थामा हामीले मात्रै विषादी व्यवस्थापन र नियमन गर्न सम्भव पनि छैन। किनकी सम्बन्धित जिल्लास्तरमा विषादी व्यवस्थापनको जिम्मेवारीमा रहने विषादी निरीक्षकका अधिकांश पदहरु रिक्त छन्। अर्कोतर्फ प्रदेशस्तरमा विषादी व्यवस्थापनका लागि प्रदेश जीवनाशक विषादी व्यवस्थापन ऐन निर्माण हुन सकेको छैन।

विषादी प्रयोगको व्यवसायीक कृषि तथा जलवायु परिवर्तन सँगसँगै बढ्यो तर हामीले विषादीको उपयुक्त विकल्प दिन सकेनौं। एकीकृत शुत्रजीव व्यवस्थापन कार्यक्रम हाल आएर अभिभावकविहीन जस्तै बन्न पुगेको छ, जुन कार्यक्रमले समग्र कृषक समुदायमा शत्रुजीव व्यवस्थापनका लागि क्षमता विकास लगायत प्रविधि प्रसारको महत्वपूर्ण बाहकको रुपमा स्थापित भइसकेको थियो।

उक्त कार्यक्रमलाई नियमन, पृष्ठपोषण र अनुगमन गर्ने व्यवस्थित संयन्त्रको अभाव खड्किएको छ। राज्यको व्ययभार घटाउने नाममा आवश्यक संघीय संयन्त्रहरु तथा संघीय सरकारको क्षेत्राधिकार भित्र पर्ने नियमनकारी निकायहरुलाई यथोचित स्थान दिन नसक्नु र अन्तर्राष्ट्रिय सन्धि सम्झौता अनुरुपका प्रतिबद्धताहरु पूरा गर्न नसक्दा निर्यात व्यापार खुम्चिँदै गएको छ। प्रमाणीकरण गर्ने निकायहरु प्राविधिक पुष्ट्याइँ तथा वैज्ञानिक आधार विना कार्य गर्नुपर्दा निर्यात हुने वस्तुहरुको गुणस्तर प्रमाणीकरणमा चुनौतीहरु देखिएका छन् । विषादी अवशेषका कारण निर्यात व्यापारमा समेत व्यवधानहरु देखिएका छन्।

यो बेला कृषि प्रसार शिक्षा फैलाउनुपर्नेमा हामी झनै खुम्चिएका छौं । यसमा सुधार गर्नुपर्ने देखिन्छ । अन्यथा अझै विषादी प्रयोग हुने र विषादीजन्य दुर्घटनाहरुको जोखिम बढ्नेछ।

हाम्रा विद्यमान संयन्त्रका क्षमताले भ्याएसम्म विषादीको गलत प्रयोग निरुत्साहित गरिरहेका छौं। प्रतिबन्धित विषादी बिक्री-वितरण गरेको पाइएपछि कारबाही गरिएको छ । त्यस्तै अर्को कम्पनीले मलको नाममा विषदीयुक्त सामग्रीको कारोबार गरेको पाइएपछि कारबाहीको क्रममा छ।

गलत विषादीको प्रयोग रोक्न, सचेतना दिन, यसबारे थाहा पाउन र विषादी प्रयोगमा पर्याप्त परामर्श तथा सूचनाका लागि देशभरको संयन्त्र नै अहिले कमजोर अवस्थामा रहेको छ । विषादी आयात, बिक्री, प्रयोग लगायत विषयमा निश्चित मापदण्ड छ। यसलाई अनुगमन र परिपालनाका लागि सरकारी जनशक्ति पर्याप्त छैन। संघीय संरचना पूर्व प्रत्येक जिल्लामा एक जना विषादी निरीक्षकको दरबन्दी हुन्थ्यो, जसले केन्द्रको प्रत्यक्ष समन्वयमा रही जिल्लाको विवरण, बाली संरक्षण प्रसार सेवा, विषादी व्यवस्थापन र अनुगमन संयन्त्रको नेतृत्व लिने अवस्था थियो।

तर, अहिले यस्तो जनशक्ति मुस्किलले प्रदेशमा बढीमा २-४ जना यस्ता जनशक्ति छन्। अहिले कर्णाली प्रदेशमा एक जना, मधेशमा २ जना विषादी निरीक्षक छन् भने कुनै प्रदेशमा त विषादी निरीक्षक नै छैनन्।

भएका विषादी निरीक्षक सेवानिवृत्त भए। पालिकाका प्राविधिकले यो विषयमा कार्य गर्ने क्षमता तथा कानुनी व्यवस्थासमेत छैन। कृषि ज्ञान केन्द्र तथा पालिका स्तरका कृषि प्राविधिकहरुलाई अनुदान वितरणमा अल्झाउनुको सट्टा प्रविधि प्रसार, तालिम, क्षमता विकासका कार्यमा प्राथमिकता दिई परिचालन गर्न आवश्यक देखिन्छ। प्राविधिक पृष्ठपोषण र समन्वयको आधिकारिक संयन्त्रको अभावमा विषादी प्रयोगमा बिक्रेता र किसान मात्रै छन्।

यसको व्यवस्थापनका लागि पूर्वाधारमा लगानी र दक्ष जनशक्ति बढाएर अध्ययन अनुसन्धान र नियमन बढाउन जरुरी छ। किसानलाई पनि सुरक्षित विषादी प्रयोगमा चेतना फैलाउन र सिप विकास गर्न प्राथमिकताका साथ अगाडि बढ्नुपर्ने देखिन्छ।

*(अनलाइनखबरकर्मी नवीन ढुंगानाले गरेको कुराकानीमा आधारित स्रोतः अनलाईनखबर)*

# सरकार आफैँले सुन तस्करी गरिरहेको छः ओली

काठमाडौंः प्रमुख प्रतिपक्ष दल नेकपा (एमाले) का अध्यक्ष एवम् पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले सरकार आफैँले सुन तस्करी गरिरहेको आरोप लगाएका छन्। स्वर्ण युगको झल्को दिनेगरी सरकार आफैँ सुन तस्करीमा संलग्न रहेको ओलीको जिकिर थियो।

शनिबार काठमाडौंमा आयोजित एक कार्यक्रममा बोल्दै उनले सुन तस्करी प्रकरण चलाउनेहरु आफैँले स्वर्ण युग आयो भनेर भनिरहेको भन्दै सरकारको कटाक्ष पनि गरे। 'सुन फल्छ भनेर यहाँ काठमाडौं आएको, यहाँ त नुन पनि पाइँदो रहेनछ भन्ने कसैले भनेका छन्। यहाँ ब्रेक सुमा सुनैसुन । वेपमा सुनैसुन । सिग्रेट खान खोज्यो सुनैसुन । पानी चलाउने मोटर ल्यायो, सुनैसुन । जे छोयो, त्यो सुनैसुन' ओलीले व्यंग्यात्मक शैलीमा भने, 'स्वर्ण युग आयो भन्दैछ सरकार । यति सुन आएको छ। फेरि स्वर्ण युग नआए कहिले आउँछ त ? भन्दैछ सरकार।'

केरुङ भन्सारबाट आउने ट्रकहरुमा सुन बोकिने गरेको भन्दै ओलीले भने- 'पहिलेपहिले रातो चन्दन उत्तर लगिन्थ्यो, अहिले उत्तरतिरबाट सुन ओरालो झारिन्छ। यो भइराखेको छ।' चिल आयो, चिल आयो भनेर देखाउने अनि कुखुरा आफू बोकेर कुद्ने शैली सरकारले अपनाएको ओलीको आरोप छ । उनले देशको अवस्था नाजुक भएको उल्लेख गर्दै यस्तो अवस्थामा परिवर्तन ल्याउनैपर्ने बताए।

'चिल आयो, चिल आयो भन्ने अनि कुखुरा यतातिर बोकेर कुद्ने ? मैले अघि नै भनेको छु- सरकारको आलोचना खास गर्न चाहन्न । तर अवस्था नाजुक छ । धेरै नाजुक छ' उनले भने, 'धेरै नेपालीले यस नाजुक स्थितिबाट सोच्न पर्दछ। यस स्थितिमा परिवर्तन ल्याउनै पर्दछ। किन, देशको मूल्यमा कुनै व्यक्तिका स्वार्थ आदि इत्यादि छ भन्न सकिँदैन।' अध्यक्ष ओलीले देशको मूल्यमा कुनैपनि व्यक्तिको स्वार्थ पूरा गर्न नसकिने पनि बताए।

*(स्रोतः रातोपाटी)*

सामुदायिक रेडियो,
रेडियो निकास
९३.४ मेगाहर्ज
सुनौं र सुनाऔं
रेडियो निकास ९३.४
The Voice of Community

# आन्दोलनरत शिक्षकसँग संसदीय समितिले छलफल गर्ने

काठमाडौंः प्रतिनिधिसभामा दर्ता भएको विद्यालय शिक्षासम्बन्धी विधेयकमाथि असन्तुष्टि व्यक्त गर्दै आन्दोलनरत शिक्षकहरूसँग संसदीय समितिले छलफल गर्ने भएको छ । राष्ट्रियसभा अन्तर्गत् रहेको दिगो विकास तथा सुशासन समितिले आन्दोलनरत शिक्षकहरूसँग छलफल गर्न लागेको हो।

आइतबार दिउँसो १ बजे संघीय संसद् सचिवालयको भवन नम्बर २ मा छलफल हुनेछ। विद्यालय शिक्षासम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक २०८० प्रति असन्तुष्ट जाहेर गर्दै आन्दोलनरत सरोकारवालाहरुसँग छलफल गर्न लागिएको संसद् सचिवालयले जनाएको छ।

सरकार र शिक्षक प्रतिनिधिबिचको वार्ता सफल भएको भनिए पनि राहत कोटाअन्तर्गत्का शिक्षकहरूले आफ्नो माग सम्बोधन नभएको भन्दै शनिबार पनि आन्दोलन जारी राखेका छन्।

*(स्रोतः रातोपाटी)*

# खुकुरी प्रहारबाट एक जनाको मृत्यु, २ जना घाइते

दाङः शनिबार दिउँसो खुकुरी प्रहारबाट दाङ तुलसीपुर उपमहानगरपालिका-११, बेलटाकुराकी ४३ वर्षीया रीता लामिछानेको मृत्यु भएको छ । छिमेकी ४२ वर्षीय टेकबहादुर हमालले दिउँसो दुई बजे खुकुरी प्रहार गर्दा आफ्नै घर नजिकै उनको घटनास्थलमै ज्यान गएको हो।

हमालले प्रहार गरेको खुकुरीको चोटले अरु दुई जना गम्भीर घाइते भएका छन् । गम्भीर घाइते हुनेमा स्थानीय अन्दाजी ६५ वर्षीया कमलाकुमारी हमाल र उनका छोरा ४५ वर्षीय वीरबहादुर हमाल रहेका छन्।

घाइते कमलाकुमारीको टाउकोमा गहिरो चोट लागेको छ । उनलाई उपचारका लागि नेपालगञ्ज मेडिकल कलेज कोहलपुर लगिएको छ भने अर्का घाइते वीरबहादुरको हातमा चोट लागेको छ। उनको राप्ती प्रादेशिक अस्पतालमा उपचार भइरहेको छ।

खुकुरी प्रहार गर्ने टेकबहादुर हमाललाई शनिबार दिउँसो प्रहरीले पक्राउ गरेको छ । उनलाई नियन्त्रणमा लिएर अनुन्धान भइरहेको इलाका प्रहरी कार्यालय तुलसीपुरका डीएसपी ठाकुर पोखरेलले जानकारी दिए । उनका अनुसार हमाल दिउँसो घरबाट खुकुरी लिएर निस्किएका थिए । उनले बाटोमा जसलाई भेट्यो उसैमाथि अन्धाधुन्ध खुकुरी प्रहार गरेका थिए।

डीएसपी पोखरेलका अनुसार टेकबहादुरले आफूलाई देउता चढेको भन्दै स्थानीयमाथि खुकुरी प्रहार गरेका थिए । सो क्रममा टेकबहादुरले भेटेका लामिछाने, वीरबहादुर हमाल र कमलाकुमारी हमाललाई खुकुरी प्रहार गरेका उनले बताए। उनका अनुसार घाइते दुई जना टेकबहादुरको छिमेकी भएको खुलेको छ।

'हत्याको कारण कुनै रिसइबी नभएर देउता चढेको भन्दै अन्धाधुन्ध प्रहार गरेको देखिन्छ', उनी भन्छन्, 'घटनाको अनुसन्धानमै छौं । बाँकी कुरा पछि आउला।' जिल्ला प्रहरी कार्यालय दाङका डीएसपी जनकबहादुर मल्लका अनुसार टेकबहादुरको मानसिक स्वास्थ्य चेकजाँच भइरहेको छ । त्यसपछिमात्र केही कुरा बताउन सकिने बताए । स्थानीय बासिन्दाका अनुसार टेकबहादुर केही महिनाअघि भारतबाट फर्केका थिए। उनले घरमा कुखुरा पालन गरेका थिए।

*(स्रोतः अनलाइनखबर)*

के तपाइँ आफ्नो व्यवसायको विज्ञापन गरेर व्यावसायिक प्रवर्द्धन गर्न चाहनुहुन्छ ? यदि त्यसो हो भने सम्पर्क गर्नुहोस्
०५७-५२६८३०
समृद्धि प्रकाशन प्रा. लि. हेटौंडा, मकवानपुर
समृद्ध समाज राष्ट्रिय दैनिक
Email:sambridhasamaj@gmail.com



### मातृभूमि साहित्य समाजको स्थापना दिवस

# २ जना पुरस्कृत, ३ जना सम्मानित



*बागमती प्रदेशको सामाजिक विकास मन्त्रालयमा धर्नामा बसेका शिक्षकहरु ।*

समाज संवाददाता

हेटौंडाः मातृभूमि साहित्य समाज मकवानपुरको २५ औं स्थापना दिवस मनाइएको छ। शनिबार समाजको स्थापना दिवसको अवसरमा महाकाव्य लोकपर्ण र सम्मान समर्पण कार्यक्रम सम्पन्न भएको हो।

कार्यक्रम मातृभूमि साहत्य समाज मकवानपुरका अध्यक्ष माधव पोखरेलको अध्यक्षता तथा बागमती प्रदेशका सामाजिक विकासमन्त्री कुमारी मोक्तानको प्रमुख अतिथ्यमा भएको हो । साहित्यकारहरुले आफ्नो कृतिबाट समाजमा आएको विकृतिको बारेमा लेखेको, बोलेको कृतिहरुले समाज परिवर्तनमा अलि छिट्टै रुपान्तरित हुने भएकाले अझै कृति लेख्नुपर्ने, बोल्नुपर्ने प्रमुख अतिथि मोक्तानले बाताउनुभयो ।

मातृभूमि साहित्य समाज मकवानपुर २०८० साहित्यकारको सम्मान संस्कृतिविद् डा. जगमान गुरुङलाई २५ हजार रुपैयाँ राशि र लघुकथाकार डा. विदूर चालिसेलाई ११ हजार १ सय ११ रुपैयाँ राशिसहित सम्मानित गरिएको छ। मातृभुमि साहित्य समाज मकवानपुरका ३ जना सदस्यलाई पनि सम्मान गरिएको छ । शनिबार हेटौंडामा एक समारोहका बीच समाजका संस्थापक हयग्रीव आचार्य, देवराज खरेल र मुक्तिगोविन्द वैद्यलाई सम्मान गरिएको हो ।

कार्यक्रममा मकवानपुरकी महाकाव्यकार मुना अर्यालको महाकाशं नामक काव्य विमोचन पनि गरिएको थियो। महाकाशं महाकाव्यको केही श्लोक स्वस्तिका दाहाल र लालकाजी परियारले संगीतमय वाचन गर्नुभएको थियो ।

कार्यक्रममा साहित्यकारहरु राजकुमार लामिछाने, मुक्तक मञ्च मकवानपुर र साहित्य संगम मकवानपुरका अध्यक्ष डीबी बर्तौला, गजल मञ्च मकवानपुरका पूर्वअध्यक्ष देवराज तिवारी, सुशील पराजुलीलगायतले रचना वाचन गर्नुभएको थियो । कार्यक्रममा स्वस्तिका दाहाल, रोशन अर्याल, निमेष निखिललगायतलाई मायाको चिनो प्रदान गरिएको थियो ।

कार्यक्रममा सर्जक सञ्जाल मकवानपुर अध्यक्ष निमेष निखिल, महाकाव्यकार मुना अर्याल, नेपाल अधिकार मकवानपुरका अध्यक्ष शर्मिला श्रेष्ठ, आँचल साहित्य पुञ्ज मकवानपुरका अध्यक्ष भवानी तिमिल्सिनालगायतको उपस्थिति थियो ।

## मकवानपुरका दाहाललाई प्रेस काउन्सिल आचारसंहिता सम्मान



समाज संवाददाता

हेटौंडाः प्रेस काउन्सिल आचारसंहिता सम्मानबाट मकवानपुरका परिष्ठ पत्रकार राममणि दाहाल सम्मानित हुनुभएको छ । प्रेस काउन्सिल नेपालको ५४ औं वार्षिक उत्सवका अवसरमा दाहाल सम्मानित हुनुभएको हो ।

शनिबार काउन्सिलले आयोजना गरेको कार्यक्रममा दाहाललाई नगद १५ हजारसहित सम्मानपत्रले सम्मान गरेको हो । कार्यक्रममा राष्ट्रपति रामचन्द्र पौडेलले पुरस्कार तथा सम्मान गर्नुभएको थियो ।

दाहाल गोरखापत्रका बागमती प्रदेश संयोजकसमेत रहनुभएको छ । दाहाल पत्रकारिता पेसामा लामो समयदेखि कार्यरत हुनुहुन्छ । काउन्सिलले दाहालसहित १६ जना पत्रकारलाई सम्मान गरेको छ ।

# आवास फुटबल क्लबलाई फुटसलको उपाधि



*खुल्ला फुटसल प्रतियोगिताको उपाधी विजेता टिमको सामुहिक तस्विर*

समाज संवाददाता

हेटौंडाः हेटौंडा फुटसल स्पोर्टस् सेन्टरको आयोनामा भएको फुटसल प्रतियोगिताको उपाधि आवास फुटबल क्लबले जितेको छ। शनिबार हेटौंडा-४ स्थित कमलडाँडा फुटसल मैदनमा भएको फाइनल खेलमा आवास फुटबल क्लबले चौकीटोल युथ क्लबलाई ६-१ गोल अन्तरले पछि पार्दै उपाधि हात पार्न सफल भएको हो ।

आवास क्लबको तर्फबाट पहिलो हाफमा विश्व लामा, उज्ज्वल गौतम र सुमन लामाले १-१ गोल र सुमिरराज थोकरले ३ गोल गरेका थिए । उपाधि विजेता आवास क्लबले ३५ हजार रुपैयाँसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गरेको छ। उपविजेता चौकीटोल क्लबले १५ हजार रुपैयाँमै चित्त बुझाएको हो ।

मकवानपुर जिल्ला खेलकुद विकास समितिका अध्यक्ष वेस खड्कीको प्रमुख आतिथ्यमा प्रतियोगिताको समापन तथा पुरस्कार वितरण गरिएको छ । अध्यक्ष खड्कीले व्यापार व्यवसायलाई मात्र नभई खेलकुदलाई पनि प्राथमिकता दिनुपर्ने बताउनुभयो । खेलमा हारजित भन्ने कुरा सामान्य रहेको बताउनुहुँदै आउने दिनहरुमा खेल क्षेत्रमा आफूले सक्ने सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

३२ वटा टिम सहभागी भएको प्रतियोगिताको सर्वोकृष्ट खेलाडी विजेता टिमका समिरराज थोकर घोषित भए । प्रतियोगिताको प्रथम पुरस्कार हेटौंडा उपमहानगरपालिकाको ४ नम्बर वडाले सहयोग गरेको खेल संयोजक निरजसिंह ठकुरीले बताउनुभयो ।

# नियमित सन्ध्या गजलयात्रा सम्पन्न



समाज संवाददाता

हेटौंडाः गजल मञ्च मकवानपुरको आयोजनामा २ सय ६ औं नियमित सन्ध्या गजलयात्रा सम्पन्न भएको छ। कार्यक्रम गजल मञ्च मकवानपुरका अध्यक्ष केशव समर्पणको अध्यक्षता तथा सर्जक सञ्जाल मकवानपुर संयोजक निमेष निखिलको प्रमुख आतिथ्यमा भएको हो ।

आगामी दिनमा यस्ता कार्यक्रमहरु विद्यालय केंद्रित र विभिन्न साहित्यिक दिवसका अवसरमा पनि गर्ने अध्यक्ष समर्पणले बताउनुभयो । कार्यक्रममा स्वस्तिका बानियाँ, स्वस्तिका दाहाल, अनिल कोइराला, सुवास सजल, मिथिला अधिकारी, सागर तिमिल्सिनालगायतले गजल वाचन गर्नुभएको थियो ।

कार्यक्रममा गजल मञ्च मकवानपुरका पूर्वअध्यक्ष देवराज तिवारी, नेपाली लेखक संघ मकवानपुरका अध्यक्ष छवि अनित्य, गजल मञ्चका पूर्वउपाध्यक्ष चिरञ्जीवी लामिछाने, साहित्य संगम मकवानपुर र मुक्तक मञ्चका अध्यक्ष डीबी बर्तौला, सचिव मनोज पोखरेललगायतको उपस्थिति रहेको थियो ।

# बकैयामा राष्ट्रव्यापी कराँते प्रतियोगिता हुँदै

समाज संवाददाता

हेटौंडाः मकवानपुरको बकैया गाउँपालिकामा आगामी असोज १२ गते र १३ गते १७ औं राष्ट्रव्यापी बुदोकै-दो फुल कन्ट्याक्ट कराँते प्रतियोगिता आयोजना हुँदैछ । प्रतियोगिताको लागि तयारी पूरा भएको बकैया गाउँपालिका खेलकुद विकास समितिका अध्यक्ष विजय लामा थिङले बताउनुभयो ।

बकैया गाउँपालिकाको समन्वय र बकैया बुदोकै-दो फुल कन्ट्याक्ट कराँते संघको आयोजनामा प्रतियोगिता हुन लागेको हो । प्रतियोगितामा देशका ७ वटै प्रदेशबाट करिब ५ सय जनाको सहभागिता रहने अध्यक्ष थिङले बताउनुभयो ।

प्रतियोगितामा पुरुषतर्फ खुला ४० केजी, ४५ केजी, ५० केजी, ५५ केजी र ६० केजी तौल समूहमा प्रतिस्पर्धा हुनेछ । महिलातर्फ ४० केजी, ४५ केजी, ५० केजी र ५५ केजी तौल समूहमा प्रतिस्पर्धामा हुनेछ ।

प्रतियोगितामा तौलगत समूह विजेता खेलाडीले नगद १५ हजार रुपैयाँ, उपविजेता खेलाडीले ८ हजार, तृतीयले ५ हजार र चौथो हुने खेलाडीले ३ हजार रुपैयाँ प्राप्त गर्नेछन् ।


# राहत शिक्षकहरु सडकमै

काठमाडौंः सरकार र नेपाल शिक्षक महासंघबीच ६ बुँदे सहमति भए पनि राहत शिक्षकहरुले आन्दोलनलाई निरन्तरता दिएका छन् । राहत शिक्षकहरुले शिक्षक महासंघले धोका दिएको भन्दै आफूहरुको माग पूरा नहुँदासम्म आन्दोलन जारी राख्ने बताएका छन् ।

नेपाल राहत शिक्षक केन्द्रीय समितिको अगुवाईमा राहत शिक्षकहरु शनिबार पनि काठमाडौंको माइतीघरदेखि नयाँ बानेश्वरसम्म प्रदर्शनमा उत्रिएका छन् । उनीहरुले ४० हजार राहत शिक्षक, बालविकासका शिक्षक र पेन्सन पीडित शिक्षकहरु आफूहरुसँग आन्दोलनमा रहेको बताएका छन् ।

राहत शिक्षक केन्द्रीय समितिका अध्यक्ष खेमराज अधिकारीले शुक्रबार भएको वार्तामा शिक्षक महासंघका प्रतिनिधिले राहत तथा अस्थायी प्रकृतिका शिक्षकको बचाउ गर्न नसकेको बताए । ‘उहाँहरुले अस्थायी शिक्षकहरुको डिफेन्स लिन सक्नुभएन, एकजना गृहमन्त्रीको चंगुलमा फस्नुभयो’, अधिकारीले भने ।

*(स्रोतः अनलाइनखबर)*

स्वादिष्ट नेवारी खाजा

अब
होटल बासुकला (फास्टफुड) मा
स्वादका पारखीको विश्वास जित्दै २५ बर्षदेखि निरन्तर सेवामा समर्पित स्वादिष्ट नेवारी खाजा घरमा स्वागत गर्दछौं ।
नेवारी खाजा सेट, मःम, चाउमिन, बारा, योमरी लगायत
सुख्खा रोटी, आलु पराठा, फ्राइ राइस, मटन मम, बिरयानी, कोन डग, सेकुवा, चिकेन क्रन्ची,
होम डेलिभरीको पनि सुविधा रहेको जानकारी गराउँदछौं ।
०५७-५२६०१३

हेटौंडा रिफरेन्स ल्यावरोटरी
ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।

Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।
साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।
(HRL)
खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म
सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं।
थप जानकारीको लागि HRL
हेटौंडा रिफरेन्स ल्यावरोटरी
हेटौंडा–१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७–५२०४५७

A.N.B. ELECTRONICS
Hetauda-4, Khopegalli

एसि, रेफ्रिजेरेटर, वासिङ्ग मेसिन, डिप फ्रिजर, कुलर तथा अन्य ईलेक्ट्रोनिक्स सामानहरु होलसेल मुल्यमा पाईन्छ ।
प्रोप्राईटरः अंकित ढकाल
९८५५०-६२९७७

We Are Open
हाम्रो सेवाहरूः

• ताजा तरकारी/फलफूल होलसेल तथा खुद्रा बिक्री गरिन्छ ।
• फ्रेस जुस/फ्रुट सलाद पार्टी सेमिनारको लागि प्याकिङको पनि व्यवस्था छ ।
• BUBBLE TEA, SMOOTHIES, MILKSHAKE, LASSI
• लोकल अन्नबाली
• ग्रीन प्लान्ट/गमला
• व्यावसायिक कृषि सम्बन्धि आवश्यक परामर्श सेवाहरु
सम्पर्कः ९८४५४३८८६0/0५७-५९११५९
DURBAR AGRO MART
Hetauda–4, Shitalmahal road

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ